# 'सिपाहीको स्वास्नी' कथामा अनुभूतिको संरचना

अमृता भट्टराई

**सार**

*प्रस्तुत आलेखमा महेशविक्रम शाहको 'सिपाहीकी स्वास्नी' कथालाई अनुभूतिको संरचनाका आधारमा विश्लेषण गरिएको छ । बेलायती साहित्यिक समाजशास्त्री रेमन्ड विलियम्सद्वारा प्रतिपादित अनुभूतिको संरचना साहित्यलाई समाज संस्कृतिसंग जोडेर समीक्षा गर्ने एक महत्वपूर्ण मान्यता हो । सिद्धान्त अनुसार समाजमा हुने गरेका तीन तहगत पिँढी वा समुदायका बीचमा हुने क्रिया प्रतिक्रिया तथा अन्तरसम्बन्धबाट एकअर्काले दबाब र तनावको अनुभूति गर्छन् र यस्तो दबाब र तनावकै परिणामस्वरूप नयाँ अनुभूतिको जन्म हुन्छ र यसबाट नयाँ संरचनाको उदय हुन्छ । यस आलेखमा 'सिपाहीकी स्वास्नी' कथालाई अनुभूतिको संरचना सैद्धान्तिक आधारको विभिन्न उपशीर्षकमा राखेर विश्लेषण गरिएको छ ।यस कथामा पिँढी र प्रभुत्व तथा दबाब र तनावका कोणबाट यहाँ सिपाहीकी स्वास्नीको कथाको अध्ययन गरिएको छ । एउटा सशस्त्र द्वन्द्वकालीन कालखण्डको नेपाली समाज र कमली जस्ता प्रतिनिधि पात्रको माध्यमबाट अधीनस्थ पिँढीले भोगेको तनावलाई कल्पनात्मक तर विश्वसनीन अनि निकै मार्मिक तथा प्रभावकरी ढङ्गले प्रस्तुत गर्न सक्नु नै यसको मुख्य निष्कर्ष हो । प्रस्तुत आलेख अनुभूतिको संरचनाको आधारमा कृतिको विश्लेषण गर्न चाहनेहरुका लागि आधार बन्न सक्छ ।*

**शब्दकुञ्जिका**

पिँढी, प्रभुत्वशाली, अधीनस्थ, उदीयमान, प्रतिरोधी ।

**विषयपरिचय**

'सिपाहीकी स्वास्नी' कथाका लेखक महेशविक्रम शाह (२०२२) हुन् । उनी नेपाली कथाका क्षेत्रमा सक्रिय कथास्रष्टाका रुपमा परिचित छन् । उनको प्रथम प्रकाशित कथा 'आमा' (२०३६) हो । उनका सटाहा (२०५५), सिपाहीकी स्वास्नी (२०५९), अफ्रिकन अमिगो (२०६०), छापामारको छोरो(२०६३), ज्याक्सन हाइट (२०६९) र भुइँखाट (२०७४)जस्ता कथा सङ्ग्रहरू प्रकाशित रहेका छन् ।सिपाहीकी स्वास्नी (२०५९) कथा सङ्ग्रभित्र यो कथा प्रकाशित भएको छ। उनी युद्ध र द्वन्द्वको सन्दर्भलाई कथामा मुख्य सन्दर्भ बनाएर प्रस्तुत गर्दछन् । सशस्त्र द्वन्द्वको समयको नेपाली समाजको यथार्थतालाई यस कथामा प्रस्तुत गरिएको छ। उनका कथामा खासगरी समसामयिक घटनाक्रम र युगको यथार्थ प्रस्तुत भएको पाइन्छ। सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक घटनाक्रमले मानिसमा परेको प्रभाव तथा आञ्चलिकता जस्ता विशेषताहरू यिनका कथामा पाइन्छन् । कथा लेखनमा सक्रिय शाहको विशिष्ट गुण र क्षमताकै कारण उनको छापामारको छोरो( २०६३) कथा सङ्ग्रहका लागि २०६३ सालको मदन पुरस्कार प्रदान गरिएको हो ।

पेसाले सुरक्षाकर्मी रहेका शाह युद्ध र द्वन्द्वको सन्दर्भलाई कथामा मुख्य विषयसन्दर्भ बनाएर प्रस्तुत गर्छन् । युद्ध र द्वन्द्वलाई हेर्ने उनको वैचारिक आधार भने आदर्शवादी प्रकारको छ। द्वन्द्व कारण सिर्जना भएका आफ्ना जीवनका निजी अनुभव र भोगाइ, द्वन्द्वै द्वन्द्वको परिवेश र समकालीन नेपाली समाजको यथार्थ टिपेर

*Received : October 2020*  *Accepted : December 2020*

कथा लेख्न उनी सफल देखिन्छन् । 'सिपाहीकी स्वास्नी' उनका यस्तै कथामध्येको एउटा प्रमुख र चर्चित कथा हो । यसै नाउँबाट शीर्षक समेत राखिएको सिपाहीकी स्वास्नी सङ्ग्रमा यो कथा सङ्गृहीत छ । द्वन्द्व, गरिबी, अभाव र अशान्ति भएर निरिह बन्न पुगेकी कमली जस्ता समुदायको विशिष्ट अनुभूतिलाई कथाले प्रस्तुत गरेको छ । साहित्यको समाजशास्त्रीय अध्ययन विश्लेषणका लागि विभिन्न सैद्धान्तिक मोडेलहरु प्रस्तुत भएका छन् । तीमध्ये वेलायती चिन्तक रेमन्ड विलियम्स (सन् १९२१-१९८८) द्वारा प्रतिपादित अनुभूतिको संरचना पनि एक हो । प्रस्तुत लेखमा रेमन्ड विलियम्सको अनुभूतिको संरचनाका आधारमा सिपाहिकी स्वास्नी कथाको अध्ययन गरिएको छ र यो यस अध्ययनको सीमा पनि हो ।

**अध्ययनविधि**

प्रस्तुत अध्ययनका निमित्त कथाकार महेशविक्रम शाहद्वारा लिखित 'सिपाहिकी स्वास्नी'कथालाई प्राथमिक शोध्यसामग्रीका रूपमा छनोट गरिएको छ । द्वितीयक सामग्रीको रुपमा रेमन्ड विलियम्सको अनुभूतिको संरचना सम्बन्धी मान्यतालाई आधार बनाइ विमर्श गरिएका पुस्तक तथा पत्रपत्रिकाबाट आवश्यक सामग्रीको सङ्कलन गरिएको छ । सामग्री सङ्कलनार्थ पुस्तकालयीय स्रोतलाई आधार बनाइएको छ । सामग्री विश्लेषणका क्रममा निगमनात्मक विधिको प्रयोग गरिएको छ । यस अध्ययनमा कुनै नयाँ सिद्धान्तको प्रतिपादन नगरी रेमन्ड विलियम्सको अनुभूतिको संरचना सम्बन्धी मान्यताका आधारमा कथाको विश्लेषण गरिएको छ। पिँढी र प्रभुत्व तथा दबाब र तनाबका विषयगत कोणबाट तिनका अवधारणात्मक आधारसहित महेशविक्रम शाहको 'सिपाहीकी स्वास्नी' कथामा अनुभूतिको संरचना विश्लेषण गरिएको छ ।

**अध्ययनको सीमा**

महेशविक्रम शाहद्वारा लिखित प्रस्तुत 'सिपाहिकी स्वास्नी' कथालाई समाजशास्त्रीय विश्लेषण पद्धतिका विभिन्न पक्षहरुद्वारा व्याख्या विश्लेषण गर्न सकिन्छ। अन्य पद्धतिहरूद्वारा पनि प्रस्तुत कथालाई विश्लेषण गर्न सकिने भए पनि यस अध्ययनमा सिपाहीकी स्वास्नी कथामा अन्तर्निहित अनुभूतिको संरचना विश्लेषण पद्धति अन्तर्गर्त पिँढी र प्रभुत्व तथा दबाब र तनावका पक्षहरूबाट मात्र विश्लेषण गरिएको छ। अनुभूतिका संरचनाका अन्य कलात्मक पक्षहरूबाट प्रस्तुत कथाको विश्लेषण यस लेखमा गरिएको छैन ।

**सैद्धान्तिक आधार**

प्रस्तुत कथालाई अध्ययन गर्ने साधन वा आधार साहित्यको समाजशास्त्रीय विश्लेषणका प्रत्यक्षवादी, विधेयवादी, अनुभववादी र मीमांसवादी धारा मध्येको मीमांसवादी धारा अन्र्तगतको अनुभूतिको संरचना रहेको छ। अनुभूतिको संरचना साहित्यको समाजशास्त्रीय अध्ययन पद्धतिको महत्त्वपूर्ण अवधारणा हो । यस अवधारणाका प्रतिपादक वेलायती चिन्तक रेमन्ड विलियम्स हुन् । रेमन्ड विलियम्सद्धारा प्रतिपादित अनुभूतिको संरचना साहित्यलाई समाज र संस्कृतिसंग जोडेर समीक्षा गर्ने महत्त्वपूर्ण मान्यता हो ।

अनुभूतिको संरचना साहित्यको विश्लेषण गर्ने समाजशास्त्रीय मान्यता हो । साहित्यिक कृतिमा कुनै न कुनै रूपमा समाजको उपस्थिति हुन्छ भन्ने मत राख्ने समाजशास्त्रका विभिन्न मान्यताहरुमध्ये एक मान्यता अनुभूतिको संरचना हो । अनुभूतिको संरचना बेलायती समाजशास्त्रीरेमन्ड विलियम्स (सन् १९२१-१९८८) द्वारा प्रतिपादित सिद्धान्त हो । उनले सन् १९५४ मा आफ्नो प्रिफेस टु फिल्म एन्ड ड्रामाटिक ट्रेडिसन्स् लेख मार्फत यस मान्यतालाई प्रथम पटक सार्वजनिक गरेका हुन् । साहित्यलाई समाज र संस्कृतिसँग जोडेर समीक्षा

गर्ने मान्यता हो । यस सिद्धान्त अनुसार समाज, संस्कृति र साहित्यलाई परम्पराको सूत्रले गाँसेको हुन्छ । कुनै समाजमा कुनै एक समयमा निश्चित प्रकारका व्यवहार, मान्यता वा परम्पराले ठुलो हिस्सा ओगटेको हुन्छ जसलाई प्रभुत्वशाली संस्कृति भनिन्छ । यस्तै समाजमा वैकल्पिक र उदयीमान पिँढीहरू पनि रहेका हुन्छन् । उक्त पिँढीहरूले अनुभूत गर्ने विशिष्ट प्रकारको अनुभव नै अनुभूतिको संरचना हो ।

विलियम्सका अनुसार संस्कृति जीवनको समग्र पद्धति हो । सजीव मानिसबाट यसको निमार्ण र पुननिर्माण हुन्छ ;उत्पादन हुन्छ ; यसले मानवीय उर्जा र अभीष्टलाई बोकेको हुन्छ । यसप्रकार कलासाहित्यलगायत सबै कुराको आधार संस्कृति हो (विलियम्स, सन् १९६५ पृ.६३)। रेमन्ड विलियम्सका मतमा सामाजिक प्रक्रियामा जुन कुरा व्यवस्थित तथा सुनिश्चित हुँदैन, त्यसवाट कला साहित्यको निमार्ण हुन्छ उनका अनुसार विश्वास, व्यवस्था, संस्था, विचारधारा आदिको सम्बन्धबाट मान्छेमा जुन कुराको अनुभूति हुन्छ, त्यसैबाट अनुभूतिको संरचना बन्दछ । उनले यस प्रकारको संरचनालाई संवेदनाको संरचना पनि भनेका छन् । वास्तवमा कलाकारले कुनै पनि विषयलाई संवेदनशील भई हेर्दछ तथा अनुभूति गर्दछ । संवेदना तथा सहानुभूतिद्वारा नै कुनै निरीह प्राणी तथा दुःखद परिस्थितिमा रहेका व्यक्तिहरुप्रति मान्छेमा भावना पैदा हुन्छ । यही भावनाले मूर्त रुप प्राप्त गर्दा कला वा साहित्यको जन्म हुन्छ, त्यो नै कृतिमा व्यक्त अनुभूतिको संरचना हो ।

विलियम्सले अनुभूतिको संरचना सिद्धान्तको व्याख्या गर्ने क्रममा कृति विश्लेषणका मूलतः दुई आधार प्रस्तुत गरेका छन् ती हुन्ः

१. कृतिमा अभिव्यक्त पिँढीगत समुदाय, तिनका प्रकार,चरित्र र तिनीहरुका बीचको अन्तर सम्बन्धको खोजी र

२. दबाब र तनावका परिप्रेक्ष्यमा एकै कालखण्डमा पिँढीगत अनुभूतिको अवस्था ।

रेमन्ड विलियम्सको समाजशास्त्रीय अध्ययनकायिनै दुईवटा तत्त्वहरुलाई मुख्य आधार मान्न सकिन्छ । यी पक्षहरुको यथोचित प्रयोगद्वारा साहित्यको समाजशास्त्रीय व्याख्या सम्भव छ, जसलाई समष्टिमा अनुभूतिको संरचना नामक सैद्धान्तिक मान्यता मान्य सकिन्छ । रेमन्ड विलियम्सले समग्र साहित्य समीक्षाको मूल आधार अनुभूतिको संरचनालाई बनाएका छन् ।

प्रारम्भमा यो व्यक्तिगत रूपमा देखिए तापनि विस्तारै सामाजिक आधार ग्रहण गर्दै जान्छ । ग्राम्सीका अनुसार शासक वा प्रभुत्वशाली वर्गको स्वार्थ लाई सुरक्षित राख्ने संस्कृतिलाई अधीनस्त पिँढीले समान्य यथार्थ वा आफ्नै संस्कृतिका रुपमा भ्रमवश ग्रहण गर्दा अभिजात वर्गीय संस्कृतिले समाजमा अनेक तहहरुमा प्रवेश पाएको हुन्छ । यस मान्यतालाई स्वीकार्दै विलियम्सले प्रभुत्वशाली पिँढीले अधिनस्त पिँढीमा आफ्नो प्रभाव विस्तार गर्ने प्रयास गरिरहन्छ भन्दै यसै कोणबाट पनि कलामा प्रस्तुत अनुभूतिको संरचनाको विश्लेषण गर्न सकिने धारणा अघि सारेका छन् । समाजमा क्रियाशील व्यक्ति व्यक्ति, समूह समूह, वर्ग आदिको अन्तरक्रिया र अन्तःसङ्घर्षबाट सृजित हुने दवाव र तनावको अनुभवहरुको एकाकार स्वरूप नै अनुभूतिको संरचना हो । यस भित्र धारणा, विचार, अनुभव, आग्रह, पूर्वाग्रह आदि सबै समेटिन्छन् । व्याहारिक अनुभव र सैद्धान्तिक उपकरण दुबैका रूपमा हुने अनुभूतिको संरचनाको माध्यमबाट कला, इतिहास अनि समाज र संस्कृतिको समग्र अध्ययन गर्न सकिन्छ भन्ने विलियम्सको मान्यता रहेको छ ।हरेक कालखण्डको सांस्कृतिक परम्पराको पहिलो तहको त्यस केन्द्रीय पद्धतिलाई प्रभुत्वशाली समुदाय/पिँढीले प्रसारण गरिरहेको हुन्छ । यस समुदायको प्रमुख ध्येय समाज-संस्कृतिमा आफ्नो प्रभुत्व यथावत् राख्नु र वैकल्पिक सांस्कृतिक समुदायलाई छायामा पार्दै अघि बढ्नु

हो । यसप्रकार मूलधारको संस्कृतिमा दोस्रो अधीनस्थ समुदाय वा तेस्रो उदीयमान समुदायले उत्पीडनका परिप्रेक्ष्मा बेहोर्नुपरेको दबाब र तनावले तिनमा विशिष्ट अनुभूतिको सिर्जना हुन्छ जुन अनुभूतिले कालखण्डविशेषको संस्कृतिलाई द्योतन गरिरहेको हुन्छ । प्रभुत्वशाली वर्गले आफ्नो संस्कृतिलाई अधीनस्थ वर्गमा सूक्ष्म रुपमा प्रसार गर्दै त्यसैमा अभ्यस्त राख्दछ  भन्ने ग्राम्सीको मतमा विलियम्सको स्वीकारोक्ति रहेको छ (पाण्डेय, २०७३, पृ.३३)।विलियम्सका अनुसार प्रभुत्व मूल्य र अर्थको केन्द्रीय, प्रभावकारी र प्रमुख पद्धतिसँग सम्बद्ध हुन्छ; अमूर्त नभई सङ्गाठित र सामाजिक जीवनको अभिन्न अङ्ग बनेर रहेको हुन्छ; व्यवहार र आशाको सम्पूर्ण व्यवस्थाका रुपमा हुन्छ अनि समाजका अधिकांश मानिसमा यो नै वास्तविक हो भन्ने बोध पैदा गराउन सफल हुन्छ (विलियम्स, सन् १९७३, पृ.८-९)। विलियम्सका मतमा ग्राम्सीद्वारा प्रस्तुत 'सांस्कृतिक प्रभुत्व' सम्बन्धी विचारधाराअनुसार एउटा विशेष सामाजिक बर्गले सांस्कृतिक विविधताको जटिल सामाजिक व्यवस्थामा अन्य समूहलाई संस्कृतिका आधारबाट शासन गरिरहेको हुन्छाग्राम्सीले प्रभुत्वलाई राजनीतिक आधारबाट मात्र नभई समाज र संस्कृतिको अन्तर्सम्बन्ध तथा सम्पूर्ण सामाजिक पद्धतिमा निहित सांस्कृतिक शक्तिको जटिल संरचनाका सन्दर्भबाट पनि चर्चा गरेका छन् (विलियम्स, सन् २०१०, पृ. १०८)। यसरी मूलधारको संस्कृतिमा प्रभुत्वशाली समुदायले वैकल्पिक समुदायलाई अधीनस्थ राख्ने ध्येयमा हरतरहले शक्तिको अभ्यास गरिरहेको हुन्छ ।अतः पिँढी र प्रभुत्व, दबाव र तनावका कोणबाट 'सिपाहीकी स्वास्नी' कथाको सूक्ष्म विवेचनाको लागि रेमन्ड विलियम्सको अनुभूतिको संरचनाको सिद्धान्तअन्तर्गत रहेर महेशविक्रम शाहको 'सिपाहीकी स्वास्नी' कथामा पाइने अनुभूतिको संरचनाको अध्ययन गरिएको  छ । उल्लिखित विश्लेषणका आधारहरु अनुसार पिँढी र प्रभुत्व, दबाब र तनाव गरी दुई प्रकारका आधारहरु प्रस्तुत गरी कृति विश्लेषणका लागि तयार पारिएको छ ।

**'सिपाहीकी स्वास्नी' कथाको आख्यान सन्दर्भ**

'सिपाहीकी स्वास्नी' कथा महेशविक्रम शाहद्वारा लिखित द्वन्द्वको पीडा भएको यथार्थवादी कथा हो । यस कथामा शाहले मुख्य पात्रका रूपमा सिपाही र सिपाहीकी स्वास्नीलाई उभ्याएका छन् । त्यसैगरी रोहित, रानु (कमलीको छोरो) दुध पसले, रमला, मुखिनी, लिखुरे, अवकाश प्राप्त बूढा, बेरोजगार युवक, कमलीका आमाबावु, सासू ससुरा, आदि पात्र मार्फत कथाको कथावस्तुलाई अगाडि बढाइएको छ ।

भुकभुके उज्यालो फैलियो टोलभरि गह्रौं मन लिएर (सिपाहीकी स्वास्नी) कमली ओछ्यानबाट जुरुक्क उठिन् । कमली हठात भएको प्रसङ्गबाट कथा शुरु भएको छ। दुई सन्तानलाई लिएर घर व्यवहार सम्मालेर कमली बसेकी छे। छोरालाई दोकानमा दुध लिन जान पठाउन उठाउँछे। रोहित उठ्न अल्छी गर्छ, पुरानो सिरकको खोलमा खुट्टा परी च्यार्र च्यातिन्छ। छोरालाई गाली गर्दै तेरा खुट्टाले खोल च्यात्तियो अब कसरी हिउँद काट्ने ? छोरो हाम्रा बा कहिले आउने भनेर सोध्छ ? देश र जनताको लागि लड्न गएको सिपाहीको घर आउने कुनै टुङ्गो हुँदैन ।

दुध पसले, अरु महिलाहरूले रोहित र कमलीलाई केही सहानुभूति दिएझैं जाजरकोटको घटनाहरु सुनाउनु, रोहित जे भएपनि सिपाही बन्न खोज्नु, कमलीका बा-आमा ज्वाइँको खबर बुझ्न छोरीको घर आउनु, बेरोजगार केटाले देशको युद्धको बारेका चर्चा गर्नु, कमलीको सासू ससुराले पनि छोराको खबर बुझ्नु, एक दिन लिखुरेले पत्रिका लिएर आउनु, टोलका मानिस झुरुप्प भएर जाजरकोटको घटनाको बारे भने, यही टोलमा डेरा गरी बस्ने एउटा सिपाही जाजरकोट खटिएको कुरा भन्नु अनि कमली आत्तिएर उठ्नु तर त्यो सपना रहेछ । कमली बिउँझिदा त्यहाँ न लिखुरे, नत चिया पसल, त्यहाँ सधैं हुने गरेको भीड नै देखिन्छ । कमली सोच्छे यो

Received : October 2020  Accepted : December 2020

सपना साँच्चै नै बिपना भएको भए ? कमली सिपाहीको बर्दीमा मुस्कुराइरहेको लोग्नेको तस्बिरलाई काखीमा च्यापेर भक्कानो छोड्दै रुन्छिन् । आमाको करुण क्रन्दलले बच्चाहरुको निद्रा खलबलिन्छ। बच्चाहरु पनि को को हो लो गर्दै उठ्छन् । यस चिच्याहटमा रोहितको काँपेको स्वर गुन्जिन्छ – "हाम्रो बाबा लाई के भयो आमा?"

**पिँढी र प्रभुत्वको परिप्रेक्ष्यमा अनुभूतिको संरचना**

देशमा सशस्त्र द्वन्द्वचलेको थियो । द्वन्द्वकालीन मूलधारमा रहेका नेपाली जनताको जीवनलाई सशक्त अभिव्यक्तिका माध्यमबाट व्यक्त गरिएको छ। दिनहुँ गाउँ, बस्ती, सहर, बाटोघाटो र पानीका पँधेरोमा सशस्त्र आक्रमण, लडाई, बम बिस्फोट, एम्बुस मान्छेहरूहताहत भएका खबरहरु मात्र सुनिन्थे । जताततै सन्त्रास व्याप्त थियो । भोलि कहाँ, कसको आक्रमणमा परी कसले ज्यान गुमाउने हो, कुनै निश्चित थिएन । सशस्त्र द्वन्द्वको त्यो चरम अवस्थामा नेपालको दशवर्षे सशस्त्र द्वन्द्वकै पृष्ठभूमिमा लिखित 'सिपाहीकी स्वास्नी' कथामा प्रत्यक्ष रूपमा पहिलो पिँढी/ समुदायको उपस्थिति गराइएको नभए तापनि कथाभित्र आएका प्रसङ्गहरुले तत्कालीन राज्यपक्ष र विद्रोही पक्षका प्रतिनिधिहरू नै पहिलो पिँढीका भएको सङ्केत कथामा गरिएको छ। दोस्रो पिँढीको प्रतिनिधित्व चिया पसलमा भेला भएका सर्वसाधारण गाउँलेहरू, सिपाही र सिपाहीकी पत्नी कमली, उनीहरुको छोरो र आफन्तहरुले गरेका छन् । कथामा तेस्रो तथा उदीयमान पिँढीको उपस्थिति छैन ।

कथामा तत्कालीन द्वन्द्वरत पक्षको प्रभुत्वशाली द्वन्द्व संस्कृतिबाट दोस्रो पिँढी अधीनस्थ बन्न पुगेको छ। चिया पसलमा भेला भएका सर्वसाधारण जनताहरुले आफ्ना अनुभूतिहरु व्यक्त गर्दै 'आज यी अबोध, निर्दोष र शान्तिप्रिय जनता हतियार बोक्नेहरुसँग डराएका छन् र हतियार बोक्नेहरुले सोचेका छन् - यो देश वर्तमान तथा भविष्यका शासकहरु तिनीहरु मात्र हुन् (शाह, २०५९,पृ. :१०४)', भनेको एउटा अंश र 'त्यो सत्ताको लडाईमा निर्दोष र निमुखा नेपालीहरुको रगतले हाम्रा हिमनदीहरूकहिले सम्म रङ्गिने हुन् ? उफ ! यो मेरो देश सुन्दर शान्त र विशाल । कहाँ गयो यो उपमा ?(शाह, २०५९,पृ. :१०४)।' भनेको अर्को अंशले उक्त कुराको पुष्टि गर्दछ। कथामा व्यक्त यस्ता सन्दर्भहरुले एकातर्फ सत्ता सङ्घर्षमा लागेर हतियार बोकाउने तथा नेपाली नेपालीबिच लडाई लडाउने तत्कालीन द्वन्द्वरत पक्षहरुको प्रभुत्वशाली द्वन्द्व संस्कृतिलाई देखाएको छ भने अर्कातर्फ सर्वसाधारण जनताले त्यसबाट आफूहरु अधीनस्थ भएको अनुभूति गरेको बुझिन्छ। यसका साथै कथामा सिपाही र सिपाहीकी स्वास्नी (कमली) ले भने शासन सत्ता जोगाउन र हत्याउन लागिपरेका तात्कालीन सत्ता पक्ष र विद्रोही पक्षका प्रतिनिधिहरुको नेपाली जनतालाई बन्दुक बोकाई आपसमा भिडाउने सत्ता सङ्घर्षमुखी प्रभुत्वशाली संस्कृतिबाट अधीनस्थ भएर पनि आफूहरु अधीनस्थ भएको अनुभूति गर्नुका सट्टा देश र जनताको सुख र शान्तिका लागि आफू लडिरहेको अनुभूति गर्दै उनीहरुको रक्षाका लागि तयार रहेको देखिन्छ। यसबाट सिपाही र उसकी पत्नी कमलीमा अधीनस्थ संस्कृति रहेको र उनीहरुले विशिष्ट अनुभूति गरेको पुष्टि हुन्छ । कथामा जाजरकोटमा खटिएको एक सिपाहीले फोन गर्दै आफ्नी पत्नीलाई भनेको ' यहाँको बसाइ कठिन, चुनौतीपूर्ण र खतरा मुक्त भए पनि आफ्नो लोग्ने आफ्नो देश र जनताको सुख र शान्तिका लागि लडिरहेको छ भन्ने सम्झनू.... तिमीसँग लामो कुरा गर्न सक्दिनँ, एक दिनको बाटो हिँडेर तिमीलाई फोन गर्न आएको हुँ म, आजै क्याम्पतिर फर्किनु पर्छ.... (शाह, २०५९ पृ. :९६)।' भन्ने अंश र ज्वाइँको चिन्ताले छोरी भेट्न आएका बाबुसँग सिपाहीकी स्वास्नी कमलीले 'मलाइ यति थाहा छ, मेरो श्रीमान् देश र जनताका लागि लड्ने एक वीर सिपाही हुनुहुन्छ। उहाँको वीरताप्रति मलाई गर्व छ (शाह, २०५९खः१०७)।'

भनेको भनाइले कमलीमा अधीनस्थ संस्कृति भएको कुराको पुष्टि हुन्छ। यसरी 'सिपाहीकी स्वास्नी' कथामा अभिव्यक्त प्रभुत्वशाली पिँढीगत संस्कृतिका बहुआयामिक सन्दर्भहरूले यस कृतिले बोकेको कालखण्डको नेपाली समाजलाई जीवन्त बनाएको छ।

**दबाब र तनावका परिप्रेक्षमा अनुभूतिको संरचना**

'सिपाहीकी स्वास्नी' कथाको संरचना वस्तुत : प्रभुत्वशाली सामन्ती संस्कृतिका दवावमा अर्को समुदायले गरेको विशिष्ट अनुभूतिको संरचनामा आधारित छ। राज्य पक्षले सिपाहीलाई द्वन्द्वमा लडाएर कमली जस्ता विपन्न समुदायको पात्रको अनुभूतिबाट कथाको कथानक निर्माण भएको छ। सामन्तवादी समाज व्यवस्थामा विपन्न समुदायले गरिरहेको जीवनाभूति प्रस्तुत कथाको अन्तर्वस्तुको एउटा पाटो हो भने प्रभुत्वशाली सामन्त समुदायको जालझेल एवम् आर्थिक शोषणकारी व्यवहार सिर्जना गरेको दबाबजन्य अनुभूति अनि त्यसको परिणति अर्को पाटो हो। सिपाहीकी स्वास्नी कथाको आरम्भदेखिनै दबाबजन्य अनुभूति प्रभावकारी किसिमले प्रस्तुत भएको छ। कमली बिहान उठ्दा सधैंजसो मुठभेट, हत्या, हिंसाको समाचार सुन्नु परेको तनावमा परेको प्रसङ्गबाट कमली जस्ता पीडितले तनावमा बाँच्नु पर्ने बाध्यात्मक परिस्थितिको अनुभूति गर्न सकिन्छ।

सिपाही स्वास्नी कमली आफू बाँचेको सामाजिक संरचना भित्र रहेको समाधान चाहन्छे तर कमलीले सोचे जस्तो समाधान सजिलै प्राप्त हुँदैन। जुन समाजमा कमली बाचेकी छ, त्यस समाजमा कमली र कमली जस्ता समुदायको जीवनमा परिवर्तन आउने सम्भावना देखिदैन। किन कि राज्य सशस्त्र द्वन्द्व चलेको चलै छ, रोकिने कुनै सङ्केत छैन। '.... बल्लतल्त एक वर्ष पुग्न लाग्यो कमली, अब त म छिट्टै तिमीहरुलाई भेट्न फकिन्छु होला। तर कहिले सरुवा हुने हो केही ठेगान छैन। यहाँको बसाई कठिन, चुनौतीपूर्ण र खतरायुक्त.... (शाह, २०५९,पृः९६)'। अरु समक्ष कमली आफूलाई आत्मविश्वास देखाउन प्रयास गर्छे तर यी सिपाहीका फोनवार्ताले तनाव परेकी छे।

कमलीको छोरोले बाबुका बारेमा आमासंग गरेका प्रश्नहरुबाट कमली निकै तनाब र सामाजिक दबाब खप्न बाध्य छ। "अँ किन बाबू ? तँ दुध लिन नजाने ?" आफ्नी आमातिर हेर्दै रोहितले रुँलारुँलाझै अनुहार बनायो र शिर निहुराउँदै भन्यो - "त्यो दुध पसलेले हिजो भन्दैथ्यो, हाम्रो बाबा बसेको ठाउँमा त लडाइँ चलिरहेको छ रे! 'तिम्रो बाबाको के छ हालखवर ? जिउँदै त छ ?' भन्थ्यो।" पसलेको व्यवहारबाट कमली र रोहित दुवैमा तनावको अनुभूति भएको छ।

सरकारको नुन खाएका सिपाही र सिपाहीकी स्वास्नी ले सरकारले द्वन्द्व भएको ठाउँमा आफ्नो श्रीमान्‌लाई खटाउदा कमली र कमलीका परिवारले जुन दबाब र तनाव भोगेका छन् त्यसलाई उनीहरु सहर्ष स्वीकार गरेका छन्।

कमलीका बा–आमाले ज्वाइँको खबर सोध्दा कमलीको मन छिया छिया हुन्छ तर पनि 'म एउटा सिपाहीकी स्वास्नी हुँ बाबा‼....(शाह, २०५९ पृः१०७)।' समाजमा मानिस दुध पसले, रमाला, मुखिनी, आफ्नै बा-आमा सबैले गरेको प्रश्नहरु, चिन्ताहरुबाट कमलीको मनमा आफ्नो श्रीमानसंग सगै बस्न नपाएको, अरुको श्रीमान्‌सगै बसेका, सरकारी नै जागिर खाएपनि युद्धमा होमिनु नपरेको दृश्यहरु सम्झिदै आफ्नो पारिवारिक जीवन आर्थिक अवस्थालाई सम्झेकी छ। रोहितले सिरकको खोल च्यातेको कुरा, विपन्नतामा बाच्नु परेको, श्रीमान् भएर पनि एकल जीवन जस्तै बच्चा हुर्काउनु परेको, समाजका मानिसले दिएको दवाव र त्यस दवाव

बाट उत्पन्न भएको तनाब बाट कमलीमा विशिष्ट प्रकारको दवावबाट अनुभूतिको संरचना निर्माण भएको छ। अनुभूतिको यो संरचना सामन्तवादी सामाजिक व्यवस्थाकै परिणति हो।

**निष्कर्ष**

वि.स.२०५२ फागुन १ देखि नेपालमा सशस्त्र युद्धको आरम्भ भयो। 'सिपाहीकी स्वास्नी' कथा सशस्त्र युद्धको परिवेशसँग सम्बद्ध छ। सशस्त्र द्वन्द्वले चिन्ताशील र विक्षत बनेको नेपाली समाज चित्रण गरिएको छ।सशस्त्र द्वन्द्वको पृष्ठभूमिमा लेखिएको उनका कथामा समाजका अधिनस्थ समुदायमा प्रभुत्वशाली समुदाय विरुद्ध प्रतिरोधी चेत नभएको, केही प्रतिरोधी चेत भएका समुदायले गर्ने गरेको प्रतिरोधको अवस्था समेत सशक्त नभएको र द्वन्द्वको पृष्ठभूमिमा लेखिएका महेशविक्रम शाहका कथामा निशस्त्र अधिनस्थ समुदायले प्रतिरोध गर्न सक्ने अवस्था समेत नरहेको तात्कालीन समाज सापेक्ष यथार्थता पाइन्छ। त्यसैगरी दशवर्षे सशस्त्र द्वन्द्व र वि.स.२०६२/६३ जन आन्दोलनको बलमा दबाब र तनावकै विचबाट नेपाली जनताले परम्परागत सामन्तवाद र द्वन्द्वको पीडा भोग्नु परेको थियो। एउटी नारी (सिपाहीकी स्वास्नी) ले भोग्नुपरेको गहिरो दुःख, पीडा र मर्म समेटिएको छ। कमलीलाई द्वन्द्वपीडित नारीहरुको प्रतीक पात्र बनाएर उभ्याइएको छ। कमलीको आन्तरिक र बाह्य तनाबलाई यसमा विस्तार पूर्वक प्रस्तुत गरिएको छ। लोग्नेबारे आफ्नै मनमा उब्जने तनाबका कारण ऊ आन्तरिक द्वन्द्वमा विचलित हुन्छे भने आफन्त एवम् छर छिमेकको प्रश्नका दबाबका कारण बाहिरी द्वन्द्वमा फस्छे। उसको धैर्यशीलले यहाँ अधीनस्थ संस्कृति ग्रहण गरेको कुरा पुष्टि हुन्छ। कथानकको बुनोटमा कथाकारले बालमानसिकता र बालमनोविज्ञानको उपयोग पनि गरेका छन्।

समग्रमा कथाकारले यस कथामा नेपालको सामन्तवादी समाजमा रहेको भिन्न भिन्न तीन पिँढी, तिनको संस्कृति र पिँढी अनुसारको भिन्न भिन्न किसिमको अनुभूतिलाई सफल रुपमा अभिव्यक्त गरेका छन्। सामन्तबादी नेपाली समाजका प्रभुत्वशाली पिँढीको चरित्र र तिनीहरुको अधीनस्थ पिँढीलाई दवाव दिने तरिकाको उद्घाटन गर्दै अधीनस्थ पिँढीले भोगेको तनावलाई यथार्थ रुपमा कमली जस्ता पात्रको माध्यमबाट चित्रण गर्न कथाकार सफल भएका छन्। यसरी यो कथा समाजशास्त्रीय दृष्टिकोणबाट सफल कथा बनेको छ।

**सन्दर्भसूची**

पण्डेय, ताराकान्त. (२०७३). मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशात्र, ललितपुर : साझा प्रकाशन।

शाह, महेशविक्रम. (२०५९).सिपाहीकी स्वास्नी, काठमाडौं : बगर फाउन्डेशन।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल. (२०६२).पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त.काठमाडौं : विद्यार्थी पुस्तक भण्डार।

Williams, Raymand (1965), The Long Revolution. (2nd Ed.) London : Penguins Books.

Williams, Raymand (1973), "Base and Superstructure In Marxist Cultural Theory". New Left Review. 1/82. November-December, 3-16.

Williams, Raymand (2010), Marxism And Literature. (Reprinted). Nutech Photolithographers, Nodia : Oxford University Press.